नेपाल राजपत्र

भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १६] काठमाडौं, माघ १४ गते २०२३ साल [अतिरिक्ताङ्क ४५

श्री ५ को सरकार

कानून तथा न्याय-मन्त्रालय

श्री ५ महाराजाधिराजबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको संविधानको पहिलो संशोधन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ:—

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परमनेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाह देव देवानाम् सदा समर-विजयिनाम् ।

शाही घोषणा

नेपालको संविधान (यसपछि संविधान भनिएको) मा संशोधन गर्नु बाञ्छनीय भएकोले हामी **श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाह देवबाट**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संविधानको धारा ८२ अनुसार विशेष समितिको सल्लाह र सम्मतिले यो संशोधन जारी गरिबक्सेका छौं ।

१. **संक्षिप्त नाम र प्रारम्भ–** (१) यो संशोधनलाई संविधानको पहिलो संशोधन भनिनेछ ।

(२) यो संशोधनको धारा १२, १३, १५, २४ र ३२ बाहेक अरू धारा तुरून्त प्रारम्भ हुनेछ र धारा १२, १३, १५, २४ र ३२ श्री ५ बाट नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा तोकिबक्सेका मितिदेखि प्रारम्भ हुनेछ ।

२. **संविधानको प्रस्तावनामा संशोधन–** संविधानको प्रस्तावनाको दोस्रो प्रकरणको सट्टा निम्नलिखित प्रकरण राखिएको छः–

"त्यस्तो व्यवस्था जनजीवनमा आधारित, राष्ट्रिय प्रतिभा र परम्परा सुहाउँदो, तलैदेखि उठी सम्पूर्ण जनताको क्रियाशील सहयोग पाउने र बिकेन्द्रीकरणको सिद्धान्तलाई अँगाल्ने दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणालीद्वारा मात्र सम्भव छ भन्ने हाम्रो दृढ विश्वास भएको; र"

३. **संविधानको धारा ११ मा संशोधन–** (१) संविधानको धारा ११ को उपधारा (२) को सट्टा निम्नलिखित उपधारा (२) राखिएको छः–

"(२) सबै नागरिकलाई यो भागमा लेखिएका अन्य कुराहरूका अधीनमा रही निम्नलिखित स्वतन्त्रताको हक प्राप्त हुनेछः–

(क) वाक् र प्रकाशन स्वतन्त्रता;

(ख) शान्तिपूर्वक र बिनाहतियार भेला हुने स्वतन्त्रता;

(ग) संघ र संस्था खोल्ने स्वतन्त्रता;

(घ) नेपालको कुनै भागमा आवतजावत र बसोवास गर्ने स्वतन्त्रता; र

(ङ) सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचविखन गरी वा अरू किसिमले उठाउन पाउने स्वतन्त्रता ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) संविधानको धारा ११ को उपधारा (२) पछि निम्नलिखित उपधारा (२क) थपिएको छः–

"(२क) उपधारा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि राजनैतिक दल वा दलगत राजनैतिक उद्देश्यले प्रेरित भएको संगठन, संघ र संस्था खोल्न, खोलाउन वा चलाउन पाइनेछैन ।"

४. **संविधानको भाग ४ मा संशोधन–** संविधानको भाग ४ को सट्टा निम्नलिखित भाग ४ राखिएको छः–

"भाग ४

पञ्चायत प्रणालीका निर्देशक सिद्धान्तहरू

१८. **सिद्धान्तको प्रयोग–** यस भागमा लेखिएका सिद्धान्तहरू सामान्य मार्ग प्रदर्शनका लागि हुन् र तिनलाई कुनै अदालतद्वारा लागू गरिनेछैन ।

१९. **उद्देश्य र लक्ष्य–** (१) व्यापक राष्ट्रिय दृष्टिकोणबाट विभिन्न वर्ग र व्यवसायको हितमा सामञ्जस्य ल्याई एउटा प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सृजना गरी जनकल्याणको अभिबृद्धि गर्नु पञ्चायत प्रणालीको उद्देश्य हुनेछ ।

(२) साधारण जनतालाई जागरुक र चेतनशील बनाई क्रमिक विकेन्द्रीकरणद्वारा प्रत्येक तहको शासनमा जनप्रतिनिधिहरूलाई अधिकाधिक मात्रामा सम्मिलित गराई देशको प्रतिभा र साधनलाई सकभर बढी मात्रामा र स्वेच्छाले, उपधारा (१) अनुरूपको समाजको सृजना गर्ने काममा, परिचालन गर्नु पञ्चायत प्रणालीको राजनैतिक लक्ष्य हुनेछ ।

(३) देशको आर्थिक उन्नतिमा जनसाधारणलाई

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सकभर बढी मात्रामा सम्मिलित गराई र निजी उद्यमलाई समेत उचित प्रश्रय दिई कुनै पनि व्यक्ति वा वर्गद्वारा अन्य कुनै व्यक्ति वा वर्गमा अनुचित आर्थिक दवाव हुन नदिने व्यवस्था गर्नु पञ्चायत प्रणालीको आर्थिक लक्ष्य हुनेछ ।

(४) उपधारा (१) मा उल्लेख गरिएको समाजको सृजना गर्ने काममा साधारण जनतालाई क्रियाशील तुल्याउने मार्गमा रहेका बाधाहरू हटाई सामञ्जस्यपूर्ण र नैतिकतामा आधारित सामाजिक जीवनको स्थापना गर्नु पञ्चायत प्रणालीको सामाजिक लक्ष्य हुनेछ ।"

५. **संविधानको धारा २२ मा संशोधन–** संविधानको धारा २२ को सट्टा निम्नलिखित धारा २२ राखिएको छः–

"२२. **राज्यसहायक, राज्यसहायक परिषद्, राजप्रतिनिधि र राजप्रतिनिधि परिषद्–** यस संविधानमा श्री ५ लाई संबोधन हुने शब्दले, विषय वा प्रसङ्ग अनुसार अर्को अर्थ नलागेमा, अधिकार पाएको राज्यसहायक वा राज्यसहायक परिषद्लाई र धारा ८६ बमोजिम अधिकार प्रयोग गर्ने राजप्रतिनिधि वा राजप्रतिनिधि परिषद्लाई पनि जनाउँछ ।"

६. **संविधानको धारा २३ मा संशोधन–** (१) संविधानको धारा २३ को उपधारा (२) र (३) को सट्टा निम्नलिखित उपधारा (२) र (३) राखिएको छः–

"(२) राजसभामा देहायका व्यक्तिहरू रहनेछन्ः–

(क) प्रधानमन्त्री पदेन सदस्य;

(ख) प्रधान न्यायाधीश पदेन सदस्य;

(ग) राष्ट्रिय पञ्चायतका अध्यक्ष पदेन सदस्य;

(घ) उपप्रधानमन्त्री पदेन सदस्य;

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) मन्त्रीहरू पदेन सदस्य;

(च) बडागुरुज्यू पदेन सदस्य;

(छ) प्रधान सेनापति पदेन सदस्य;

(ज) महालेखापरीक्षक पदेन सदस्य;

(झ) लोक सेवा आयोगका अध्यक्ष पदेन सदस्य;

(ञ) प्रमुख निर्वाचन आयुक्त पदेन सदस्य;

(ट) महान्यायाधिवक्ता पदेन सदस्य;

(ठ) मूलपुरोहित पदेन सदस्य; र

(ड) राष्ट्रिय जीवनका विभिन्न क्षेत्रहरूमा ख्याति प्राप्त गरेका वा देशको विशिष्ट सेवा गरेका व्यक्तिहरू मध्येबाट, वा राजसभाको सदस्यताको निमित्त उपयुक्त सम्झी, **श्री ५** बाट नियुक्त गरिबक्सेका अन्य सदस्यहरू ।

(३) उपधारा (२) को खण्ड (ड) बमोजिम नियुक्त भएका व्यक्ति **श्री ५** को इच्छानुसारको अवधिसम्म सदस्य रहनेछन् ।"

(२) संविधानको धारा २३ को उपधारा (१०) को खण्ड (ख) र (ग) को सट्टा निम्नलिखित खण्ड (ख) र (ग) राखिएको छः–

"(ख) खण्ड (क) मा उल्लेख भएको स्थायी समितिको सभापतित्व **श्री ५** बाट स्वयं गरिबक्सनेछ वा मौसूफबाट सो समितिको कुनै सदस्यलाई सभापति तोकिबसक्नेछ र राजसभाको सचिव नै स्थायी समितिको सचिव हुनेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

(ग) राजसभा स्थायी समितिका सदस्यहरूको कार्यकाल चार वर्षको हुनेछ र निजहरूले श्री ५ बाट तोकिबक्से बमोजिमको पारिश्रमिक पाउनेछन् ।

तर स्थायी समितिका सदस्यले श्री ५ मा आफ्नो पदबाट लिखित राजीनामा चढाउन सक्नेछन् वा श्री ५ बाट चाहिबक्सेमा निजलाई स्थायी समितिको सदस्यताबाट हटाउन सकिबक्सनेछ ।"

७. **संविधानको धारा २५ मा संशोधन–** संविधानको धारा २५ को सट्टा निम्नलिखित धारा २५ राखिएको छः–

"२५. मन्त्रिपरिषद्को गठन र कार्य– (१) श्री ५ लाई मौसूफको कार्य सम्पादनमा सहायता र सल्लाह दिन एक मन्त्रिपरिषद् रहनेछ । यो संविधान, तत्काल प्रचलित अन्य कानून र श्री ५ बाट नेपाल र नेपालीको हितका लागि समय समयमा बक्सेको मार्गप्रदर्शनका अधीनमा रही मुलुकको शासनको सामान्य निर्देशन र नियन्त्रण गर्नु मन्त्रिपरिषद्को कर्त्तव्य हुनेछ ।

(२) मन्त्रिपरिषद्मा आवश्यकतानुसार प्रधानमन्त्री, उपप्रधानमन्त्री र श्री ५ का अन्य मन्त्रीहरू रहनेछन् ।

(३) श्री ५ बाट मन्त्रिपरिषद्को गठन मौसूफको अध्यक्षतामा वा प्रधानमन्त्रीको अध्यक्षतामा गरिबक्सनेछ ।

(४) मन्त्रिपरिषद्को बैठकमा श्री ५ उपस्थित होइबक्सेको अवस्थामा मन्त्रिपरिषद्को बैठकको सभापतित्व मौसूफबाट ग्रहण गरिबक्सनेछ ।"

८. **संविधानको धारा २६ मा संशोधन–** संविधानको धारा २६ को सट्टा निम्नलिखित धारा २६ राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मसुदा

"२६. **श्री ५ का मन्त्रीहरू**– (१) प्रधानमन्त्री, उपप्रधानमन्त्री र मन्त्रीहरू **श्री ५** बाट नियुक्त गरिबक्सनेछ ।

(२) प्रधानमन्त्री, उपप्रधानमन्त्री र मन्त्रीहरू राष्ट्रिय पञ्चायतका सदस्यहरू मध्येबाट नियुक्त हुनेछन् ।

तर **श्री ५** बाट उपयुक्त सम्झिबक्सेमा राष्ट्रिय पञ्चायतको सदस्य नभएको कुनै व्यक्तिलाई पनि बढीमा ६ महीनासम्मका लागि नियुक्त गर्न सकिबक्सनेछ ।

(३) **श्री ५** बाट उपयुक्त सम्झिबक्सेमा प्रधानमन्त्रीको नियुक्ति मौसूफबाट निर्धारित तरीका अनुसार राष्ट्रिय पञ्चायतको राय बुझी गरिबक्सनेछ र यसरी नियुक्त भएको प्रधानमन्त्रीको कार्यकाल, निज उपधारा (५) अनुसार अगावै कार्यभार मुक्त नभएमा, पाँच वर्षको हुनेछ ।

(४) मन्त्रीहरू **श्री ५** प्रति सामूहिक र पृथक रूपमा उत्तरदायी हुनेछन् ।

(५) देहायका अवस्थामा प्रधानमन्त्री आफ्नो पदको कार्यभारबाट मुक्त हुनेछन्:–

(क) लिखित राजीनामा **श्री ५** बाट स्वीकृत भएमा;

(ख) राष्ट्रिय पञ्चायतको सदस्य नरहेमा;

(ग) उपधारा (२) को प्रतिबन्धात्मक वाक्यांश अनुसार नियुक्त भएको भए लगातार ६ महीनाको अवधिसम्ममा राष्ट्रिय पञ्चायतको सदस्य हुन नसकेमा;

(घ) राष्ट्रिय पञ्चायतको समर्थन प्राप्त छैन भनी राष्ट्रिय पञ्चायतले संपूर्ण सदस्य संख्याको बहुमत र उपस्थित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भई मतदान गर्ने सदस्यहरूको तीन खण्डमा दुइ खण्डको बहुमतद्वारा पारित गरेको प्रस्ताव **श्री ५** बाट स्वीकृत गरिबक्सेमा; वा

(ङ) **श्री ५** बाट हटाइबक्सेमा ।

(६) प्रधानमन्त्री बाहेक **श्री ५** का अन्य मन्त्री देहायका अवस्थामा आपनो पदको कार्यभारबाट मुक्त हुनेछन्:—

(क) लिखित राजीनामा **श्री ५** बाट स्वीकृत भएमा;

(ख) राष्ट्रिय पञ्चायतको सदस्य नरहेमा;

(ग) उपधारा (२) को प्रतिबन्धात्मक वाक्यांश अनुसार नियुक्त भएको भए लगातार ६ महीनाको अवधिसम्ममा राष्ट्रिय पञ्चायतको सदस्य हुन नसकेमा;

(घ) प्रधानमन्त्रीको अध्यक्षतामा मन्त्रिपरिषद् गठन भएको भए निज आफ्नो पदको कार्यभारबाट मुक्त भएमा;

(ङ) प्रधानमन्त्रीको अध्यक्षतामा मन्त्रिपरिषद् गठन नभएको भए राष्ट्रिय पञ्चायतको समर्थन प्राप्त छैन भनी राष्ट्रिय पञ्चायतले संपूर्ण सदस्य संख्याको बहुमत र उपस्थित भई मतदान गर्ने सदस्यहरूको तीन खण्डमा दुइ खण्डको बहुमतद्वारा पारित गरेको प्रस्ताव **श्री ५** बाट स्वीकृत गरिबक्सेमा; वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

(च) श्री ५ बाट हटाइबक्सेमा ।"

९. **संविधानमा धारा २६क थप–** संविधानको धारा २६ पछि निम्नलिखित धारा २६क थपिएको छः–

"२६क. **राज्यमन्त्री–** (१) श्री ५ बाट राष्ट्रिय पञ्चायतका सदस्यहरू मध्येबाट आवश्यकतानुसार राज्यमन्त्री नियुक्त गर्न सकिबक्सनेछ ।

(२) धारा २६ को उपधारा (६) को खण्ड (ग) र (ङ) बाहेक सो उपधारामा लेखिएको अन्य कुरा राज्यमन्त्रीलाई पनि लागू हुनेछ ।"

१०. **संविधानको धारा २७ मा संशोधन–** संविधानको धारा २७ को उपधारा (२) को सट्टा निम्नलिखित उपधारा (२) राखिएको छः–

"(२) धारा २६ को उपधारा (६) को खण्ड (ग) र (ङ) बाहेक सो उपधारामा लेखिएका अन्य कुरा सहायक-मन्त्रीलाई पनि लागू हुनेछ ।"

११. **संविधानको धारा २८ मा संशोधन–** संविधानको धारा २८ को सट्टा निम्नलिखित धारा २८ राखिएको छः–

"२८. **पारिश्रमिक–** श्री ५ का मन्त्रीहरू, राज्यमन्त्रीहरू, र सहायक-मन्त्रीहरूको पारिश्रमिक ऐनद्वारा निर्धारित हुनेछ र त्यसरी निर्धारित नभएसम्म श्री ५ बाट नियम बनाई तोकिबक्से बमोजिम हुनेछ ।"

१२. **संविधानको धारा ३३ मा संशोधन–** संविधानको धारा ३३ को सट्टा निम्नलिखित धारा ३३ राखिएको छः–

"३३. **अञ्चलसभा–** (१) प्रत्येक अञ्चलमा सो अञ्चलभित्रका जिल्ला पञ्चायतहरूका सम्पूर्ण सदस्यहरू समेत भएको एउटा अञ्चलसभा रहनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) अञ्चल सभाको गठन, कामकर्त्तव्य र अधिकार कानूनद्वारा व्यवस्थित हुनेछ ।"

१३. **संविधानको धारा ३५ मा संशोधन–** संविधानको धारा ३५ को सट्टा निम्नलिखित धारा ३५ राखिएको छः–

"३५. **सदस्यताको लागि योग्यता–** राष्ट्रिय पञ्चायतको सदस्य हुनको निमित्त कुनै पनि व्यक्ति–

(क) नेपालको नागरिक हुनु पर्दछ;

(ख) उमेर पच्चीस वर्ष पूरा भएको हुनु पर्दछ;

(ग) धारा ६७ख अनुसार बर्गीय र व्याबसायिक संगठनको सदस्य हुनु पर्दछ;

(घ) मन्त्री, राज्यमन्त्री वा सहायकमन्त्री बाहेक श्री ५ को अन्य कर्मचारी हुन हुँदैन;

(ङ) धारा ३८ को उपधारा (२) अनुसार निष्काशित भएको हुन हुँदैन; र

(च) कुनै ऐनले अयोग्य हुन हुँदैन ।

तर यो धाराको खण्ड (ङ) मा लेखिएको बन्देज श्री ५ बाट उपयुक्त ठहराइबक्सेको समय र अवस्थामा कुनै व्यक्तिका हकमा हटाउन सकिबक्सनेछ ।"

१४. **संविधानको धारा ३६ मा संशोधन–** संविधानको धारा ३६ को सट्टा निम्नलिखित धारा ३६ राखिएको छः–

"३६. **सदस्यहरूको अयोग्यता सम्बन्धी निर्णय–** राष्ट्रिय पञ्चायतको कुनै सदस्य धारा ३५ अनुसारको कुनै योग्यतारहित छ वा हुन गएको छ भन्ने प्रश्न उठेमा त्यसको अन्तिम निर्णय श्री ५ बाट निर्वाचन आयोगसंग परामर्श गरी गरिबक्सनेछ ।"

१५. **संविधानको धारा ३७ मा संशोधन–** संविधानको धारा ३७ को प्रतिबन्धात्मक बाक्यांशको सट्टा निम्नलिखित प्रतिबन्धात्मक वाक्यांश राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"तर–

(क) धारा ३४ को उपधारा (२) को खण्ड (क) बमोजिमका पहिलो पटक निर्वाचित सदस्यहरू मध्य तीन खण्डमा एक खण्ड सदस्यहरूको पदावधि दुइ वर्षको र अर्को एक खण्ड सदस्यहरूको पदावधि चार वर्षको हुनेछ । त्यस्ता सदस्यहरू मध्ये कस कसको पदावधि दुइ वर्षको र कस कसको चार वर्षको हुनेछ भन्ने कुराको निर्धारण राष्ट्रिय पञ्चायतका अध्यक्षद्वारा तोकिएको तरीका बमोजिम गोला हाली गरिनेछ; र

(ख) यो धारा बमोजिम पदावधि समाप्त हुने गणना गर्दा निर्वाचन वा मनोनयन जुन मितिमा भएको भए पनि सो भएका वर्ष समेतको गणना गरी पुग्ने सम्बन्धित वर्षको चैत्र मसान्तमा समाप्त भएको मानिनेछ ।"

१६. **संविधानको धारा ३८ मा संशोधन–** (१) संविधानको धारा ३८ को उपधारा (२) को सट्टा निम्नलिखित उपधारा (२) राखिएको छः–

"(२) राष्ट्रिय पञ्चायतको कुनै सदस्यले आफ्नो पद अनुसारको आचरण गरेको छैन भनी राष्ट्रिय पञ्चायतको अध्यक्ष, राजसभा स्थायी समितिको सभापति वा **श्री ५** बाट तोकिबक्सेको सो समितिको कुनै सदस्य र **श्री ५** बाट तोकिबक्सेको सर्वोच्च अदालतको कुनै न्यायाधीश भएको आयोगले ठहराई प्रतिवेदन पेश गरेमा र सो प्रतिवेदन **श्री ५** बाट स्वीकृत गरिबक्सेमा राष्ट्रिय पञ्चायतको त्यस्तो सदस्य निष्काशित भएको मानिनेछ र त्यसरी निष्काशित भए पछि निजको स्थान स्वतः रिक्त हुनेछ ।

तर त्यस्तो आरोप लागेका राष्ट्रिय पञ्चायतका सदस्यलाई आयोगमा आफ्नो सफाइ दिनको निमित्त मनासिब मौकाबाट बञ्चित गरिनेछैन ।"

(२) संविधानको धारा ३८ को उपधारा (२) पछि निम्नलिखित उपधारा (२क) थपिएको छः–

"(२क) उपधारा (२) अन्तर्गतको आयोग सम्बन्धी

कार्यविधि श्री ५ बाट बनाइबक्सेको नियमद्वारा व्यवस्थित हुनेछ ।"

१७. **संविधानको धारा ४१ मा संशोधन–** संविधानको धारा ४१ को उपधारा (२) को सट्टा निम्नलिखित उपधारा (२) राखिएको छः–

"(२) राष्ट्रिय पञ्चायतका अध्यक्ष र उपाध्यक्ष निर्देशक समितिका पदेन अध्यक्ष र उपाध्यक्ष हुनेछन् र प्रधानमन्त्री, अर्थमन्त्री, गृहमन्त्री, पञ्चायतमन्त्री र कानन-मन्त्री पदेन सदस्य हुनेछन् । निर्देशक समितिका अरू सदस्य-हरूको निर्वाचन राष्ट्रिय पञ्चायतको नियमावलीमा लेखि-एको तरीकाले राष्ट्रिय पञ्चायतका सदस्यहरूद्वारा गरिनेछ।"

१८. **संविधानमा धारा ४१क थप–** संविधानको धारा ४१ पछि निम्नलिखित धारा ४१क थपिएको छः–

"**४१क. अन्य समितिहरू–** (१) राष्ट्रिय पञ्चायतका सदस्यहरू-लाई मुलुकको शासनमा बढी मात्रामा शरीक गराउने उद्देश्यले राष्ट्रिय पञ्चायतका बिभिन्न बिषयका समितिहरू हुनेछन् ।

(२) उपधारा (१) बमोजिमका समितिहरूको गठन र काम कारवाई श्री ५ बाट बनाइबक्सेको नियमद्वारा व्यवस्थित हुनेछ ।

(३) उपधारा (१) र (२) का अधीनमा रही राष्ट्रिय पञ्चायतको बिषयसंग सम्बन्धित अरू समितिहरूको व्यवस्था राष्ट्रिय पञ्चायतको नियमावलीमा भए बमोजिम हुनेछ ।"

१९. **संविधानको धारा ४२ मा संशोधन–** संविधानको धारा ४२ को उपधारा (६) को सट्टा निम्नलिखित उपधारा (६) राखिएको छः–

"(६) राष्ट्रिय पञ्चायत वा त्यसको कुनै समितिको बैठकमा हुने काम कारवाई खुला रूपमा हुनेछैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

E.C0

तर–

(क) **श्री ५** बाट उपयुक्त ठहराइबक्सेमा जुनसुकै बखत खुला रूपमा हुन सक्नेछ;

(ख) यो उपधाराको कुनै कुरा राजपरिवारका सदस्यलाई, राजसभाका सदस्यलाई, र राष्ट्रिय पञ्चायतको अध्यक्षको विचारमा राष्ट्रिय पञ्चायतको कामसंग सम्बन्धित व्यक्तिलाई लागू हुनेछैन;

(ग) राष्ट्रिय पञ्चायतका अध्यक्षले निर्देशक समितिको सल्लाह लिई कुनै पनि स्थानीय पञ्चायतका सदस्यलाई तथा वर्गीय र व्यावसायिक संगठनका विभिन्न तहका कार्य समितिका सदस्यलाई आउन अनुमति दिन सक्नेछन्;

(घ) राष्ट्रिय पञ्चायतलाई **श्री ५** बाट संबोधन गरिबक्सेको वा कुनै आमन्त्रित विशिष्ट व्यक्तिले संबोधन गरेको अवसरमा राष्ट्रिय पञ्चायतको सचिवले कुनै व्यक्तिलाई आउन अनुमति दिन सक्तछन्; र

(ङ) राष्ट्रिय पञ्चायतको नियमावली अनुसार राष्ट्रिय पञ्चायतको प्रत्येक बैठकको काम कारवाईको संक्षिप्त विवरण सर्वसाधारण जनताको जानकारीका लागि यथाशीघ्र प्रकाशित गरिनेछ ।"

२०. **संविधानको धारा ४८ मा संशोधन–** संविधानको धारा ४८ को उपधारा (२) को सट्टा निम्नलिखित उपधारा (२) राखिएको छ:–

"(२) उपधारा (१) को कुनै पनि कुरा धारा २६ को उपधारा (२) को प्रतिबन्धात्मक वाक्यांश अनुसार नियुक्त **श्री ५** का मन्त्रीलाई लागू हुनेछैन र निजले राष्ट्रिय पञ्चायतको बैठकमा उपस्थित हुन र राष्ट्रिय पञ्चायतको कारवाईमा भाग लिन पाउनेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर राष्ट्रिय पञ्चायतको सदस्य नभएसम्म निज़ले त्यहाँ मतदान गर्न पाउने छैनन् ।"

२१. **संविधानको धारा ५५ मा संशोधन–** संविधानको धारा ५५ को प्रतिबन्धात्मक बाक्यांशको खण्ड (क) को सट्टा निम्नलिखित खण्ड (क) राखिएको छः–

"(क) देहायको कुनै विषय सम्बन्धी विधेयक वा संशोधन **श्री ५** को मन्त्री, राज्यमन्त्री वा सहायकमन्त्री बाहेक अरूले प्रस्तुत गर्नुभन्दा अघि **श्री ५** को अनुमति प्राप्त गर्नु पर्नेछ र त्यस्तो अनुमति **श्री ५** को मन्त्री, राज्यमन्त्री वा सहायकमन्त्रीद्वारा प्राप्त हुनेछः–

(१) कर लगाउने वा उठाउने वा करको दर बढाउने;

(२) सञ्चित कोष वा अन्य कुनै सरकारी कोषबाट कुनै रकम विनियोजन वा खर्च गर्ने वा विनियोजन वा खर्च गर्न खोजिएको रकम बढाउने;

(३) राजपरिवारको खर्च सम्बन्धी कुरा;

(४) श्री ५ को सरकारको दायित्वको ऋण र जमानत सम्बन्धी कुरा; वा

(५) शाही सेना सम्बन्धी कुरा ।"

२२. **संविधानको धारा ५८ मा संशोधन–** संविधानको धारा ५८ को उपधारा (२) को सट्टा निम्नलिखित उपधारा (२) राखिएको छः–

"(२) कानून बमोजिम बाहेक श्री ५ को सरकारद्वारा कुनै ऋण लिइने र जमानत दिइने छैन ।"

२३. **संविधानको धारा६१ मा संशोधन–** संविधानको धारा ६१ को खण्ड (ख), (ग) र (घ) को सट्टा निम्नलिखित खण्ड (ख), (ग) र (घ) राखिएको छः–

"(ख) निम्नलिखित पदाधिकारीलाई दिइने पारिश्रमिकः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) प्रधान न्यायाधीश र सर्वोच्च अदालतका अन्य न्यायाधीशहरू,

(२) राष्ट्रिय पञ्चायतका अध्यक्ष र उपाध्यक्ष,

(३) राजसभा स्थायी समितिका सभापति र सदस्यहरू,

(४) महालेखापरीक्षक,

(५) लोक सेवा आयोगका अध्यक्ष र सदस्यहरू, र

(६) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरू;

(ग) सर्वोच्च अदालत, राष्ट्रिय पञ्चायत, राजसभा, महालेखा परीक्षकको विभाग, लोक सेवा आयोग र निर्वाचन आयोग सम्बन्धी प्रशासन व्ययहरू;

(घ) श्री ५ को सरकारको दायित्वको ऋण सम्बन्धी भार;"

२४. **संविधानमा भाग १०क र १०ख थप–** संविधानको भाग १० पछि निम्नलिखित भाग १०क र भाग १०ख थप गरिएको छः–

"भाग १० क

वर्गीय र व्यावसायिक संगठनहरू

६७क. **वर्गीय र व्यावसायिक संगठनहरूको व्यवस्था–** (१) विभिन्न वर्ग र व्यवसायको हितको संरक्षण र सम्बर्धन गर्न र तिनीहरूको संगठित शक्तिलाई एकत्रित गरी राष्ट्रनिर्माणको काममा लगाउन वर्गीय र व्यावसायिक संगठनहरूको स्थापना र सञ्चालन गरिनेछ ।

(२) वर्गीय र व्यावसायिक संगठनहरूको स्थापना, काम कर्त्तव्य र अधिकार ऐनद्वारा व्यबस्थित हुनेछ ।

भाग १० ख

पञ्चायत तथा वर्गीय र व्यावसायिक संगठनका सदस्यहरू

६७ख. **पञ्चायतको सदस्य हुन संगठनको सदस्यता अनिवार्य–** स्थानीय पञ्चायत वा राष्ट्रिय पञ्चायतको सदस्य निर्वाचित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हुन ऐनद्वारा निर्धारित वर्गीय र व्यावसायिक संगठनहरू मध्ये कुनै एक संगठनको सदस्य हुनु अनिवार्य हुनेछ ।

६७ग. पञ्चायत तथा वर्गीय र व्यावसायिक संगठनका सदस्यहरूको आचरण संहिता– (१) विभिन्न तहका पञ्चायत तथा वर्गीय र व्यावसायिक संगठनका सदस्यहरूले आफ्नो पद अनुसारको आचरण गर्नु पर्नेछ ।

(२) उपधारा (१) अनुसार गर्नु पर्ने आचरण देहाय बमोजिम व्यवस्थित हुनेछः–

(क) राष्ट्रिय पञ्चायतका सदस्यहरूका हकमा **श्री ५** बाट राजसभासंग परामर्श गरी बनाइबक्सेका नियमहरूद्वारा;

(ख) वर्गीय र व्यावसायिक संगठनका केन्द्रीय कार्य समितिका सदस्यहरूको हकमा **श्री ५** बाट राजसभासंग परामर्श गरी बनाइबक्सेका नियमहरूद्वारा;

(ग) राष्ट्रिय पञ्चायत बाहेक अन्य तहका पञ्चायतका सदस्यहरूको हकमा राष्ट्रिय पञ्चायतले बनाएका नियमहरूद्वारा; र

(घ) वर्गीय र व्यावसायिक संगठनका केन्द्रीय कार्य समिति बाहेक अन्य तहका सदस्यहरूका हकमा सम्बन्धित संगठनका केन्द्रीय कार्य समितिहरूसंग परामर्श गरी श्री ५ को सरकारले बनाएका नियमहरूद्वारा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपधारा (२) अन्तर्गतको नियम अनुसार आचरण नगर्ने राष्ट्रिय पञ्चायतको सदस्यका हकमा धारा ३८ को उपधारा (२) अनुसार हुनेछ र अरूका हकमा सम्बन्धित पञ्चायत वा संगठनको सदस्यताबाट तोकिएको तरीका अनुसार निष्काशन हुनेछ ।"

२५. **संविधानको धारा ६९ मा संशोधन–** संविधानको धारा ६९ को उपधारा (३) को खण्ड (क) र (ख) को सट्टा निम्नलिखित खण्ड (क) र (ख) राखिएको छः–

"(क) कम्तीमा अञ्चल न्यायाधीश वा सो सरहको न्यायिक पदमा पाँच वर्ष काम गरेको नभई;

(ख) कम्तीमा सरकारी वा गैरसरकारी अधिवक्ताको हैसियतमा सात वर्ष वकालत गरेको नभई; वा"

२६. **संविधानको धारा ७४ मा संशोधन–** संविधानको धारा ७४ को उपधारा (१) को सट्टा निम्नलिखित उपधारा (१) राखिएको छः–

"(१) प्रधान न्यायाधीश, न्यायमन्त्री र लोक सेवा आयोगका अध्यक्ष भएको एक न्याय सेवा आयोग हुनेछ जसको सिफारिशमा श्री ५ को सरकारले कानून बमोजिम न्याय सेवाको राजपत्रांकित पदमा स्थायी नियुक्ति, सरुवा, बढुवा र सो पदका कर्मचारीलाई विभागीय सजाय गर्न सक्नेछ ।

तर सरकारी सवामा बहाल नरहेको व्यक्तिलाई न्याय सेवाको राजपत्रांकित पदमा नयाँ भर्नाद्वारा स्थायी नियुक्ति गर्दा वा न्याय सेवाको राजपत्र अनंकित पदबाट न्याय सेवाको राजपत्रांकित पदमा बढुवा गर्दा श्री ५ को सरकारले लोक सेवा आयोगसंग परामर्श लिनु पर्दछ ।"

२७. **संविधानको धारा ७६ मा संशोधन–** संविधानको धारा ७६ को उपधारा (१) को सट्टा निम्नलिखित उपधारा (१) राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(१) सर्वोच्च अदालत, राष्ट्रिय पञ्चायत, राजसभा, लोक सेवा आयोग, र निर्वाचन आयोगको कार्यालय लगायत सबै सरकारी विभाग, अड्डा अदालत र श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखा कानूनद्वारा निर्धारित तरीकाले महालेखापरीक्षकबाट परीक्षण हुनेछ । महालेखापरीक्षक र निजका सहायकहरूलाई त्यस्तो लेखा सम्बन्धी सबै कागजपत्र जुनसुकै बखत हेर्न पाउने अधिकार हुनेछ ।"

२८. **संविधानको धारा ७८ मा संशोधन–** (१) संविधानको धारा ७८ को उपधारा (१) को खण्ड (ग) को सट्टा निम्नलिखित खण्ड (ग) राखिएको छः–

"(ग) स्थायी निजामती पदमा नयाँ भर्नाद्वारा स्थायी नियुक्ति गर्दा वा त्यस्तो पदमा ६ महीनाभन्दा बढी समयका लागि अस्थायी नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा;"

(२) संविधानको धारा ७८ को उपधारा (२) को सट्टा निम्नलिखित उपधारा (२) राखिएको छः–

"(२) निजामती पदमा लोक सेवा आयोगको परामर्श बिना अब उप्रान्त नयाँ भर्नाद्वारा नियुक्ति भएको कुनै पनि व्यक्तिले निवृत्तभरण पाउन सक्नेछैन ।"

(३) संविधानको धारा ७८ को उपधारा (३) पछि निम्नलिखित उपधारा (३क) थपिएको छः–

"(३क) श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्थाको कानूनद्वारा निर्धारित सेवा वा पदको विषयमा नियुक्तिको अधिकारीले लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६८६

(४) संविधानको धारा ७८ को उपधारा (४) पछि निम्नलिखित उपधारा (४क) थपिएको छः–

"(४क) लोक सेवा आयोगले यो धारा बमोजिम गर्नु पर्ने काम मध्ये कुनै काम आफ्ना कुनै सदस्य वा श्री ५ को सरकारका कर्मचारीलाई तोकेको शर्तका अधीनमा रही गर्न गरी सुम्पन सक्नेछ ।"

२९. **संविधानमा भाग १३क थप–** संविधानको भाग १३ पछि निम्नलिखित भाग १३क थपिएको छः–

"भाग १३क

निर्वाचन आयोग

७८क. **निर्वाचन आयोग–** (१) नेपालको एक निर्वाचन आयोग हुनेछ जसमा प्रमुख निर्वाचन आयुक्त र आवश्यक भएमा **श्री ५** बाट निर्धारित गरिबक्से जति संख्यामा अन्य निर्वाचन आयुक्त रहनेछन् ।

(२) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको नियुक्ति **श्री ५** बाट चाहिबक्सेमा राजसभासंग परामर्श गरी गरिबक्सनेछ ।

(३) निर्वाचन आयोगमा प्रमुख निर्वाचन आयुक्तको अतिरिक्त अन्य निर्वाचन आयुक्त नियुक्त भएमा प्रमुख निर्वाचन आयुक्तले निर्वाचन आयोगको अध्यक्ष भई काम गर्नेछन् ।

(४) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्त आफ्नो पदावधि पूरा नभएसम्म बहाल रहनेछन् ।

तर–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६८८

(क) **श्री ५** को समक्ष लिखित समावेदन पेश गरी आफ्नो पदबाट राजीनामा गर्न सक्नेछन्; वा

(ख) कार्यक्षमताको अभाव वा खराब आचरणले गर्दा आफ्नो पदको कर्त्तव्य पालन गर्न निज असमर्थ छन् भन्ने कुरा राजसभासंग परामर्श गर्दा **श्री ५** मा लागेमा मौसूफबाट सर्वोच्च अदालतको रायको निमित्त पठाई सो अदालतको ठहर अनुसार सो पदबाट हटाउन सकिबक्सनेछ ।

(५) उपधारा (४) को खण्ड (ख) अनुसारको आरोप लागेका प्रमुख निर्वाचन आयुक्त वा निर्वाचन आयुक्तलाई आफ्नो सफाइ दिनको निमित्त मनासिब मौकाबाट बञ्चित गरिने छैन ।

(६) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको पदावधि, पारिश्रमिक र सेवाका अन्य शर्त ऐनद्वारा निर्धारित हुनेछन् र त्यसरी निर्धारित नभएसम्म **श्री ५** बाट नियम बनाई तोकिबक्से बमोजिम हुनेछ । प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्त आफ्नो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पदावधि, पारिश्रमिक र सेवाका अन्य शर्त बदलिने छैनन् ।

७८ख. **निर्वाचन आयोगको काम र अधिकार–** (१) यो संविधान र तत्काल प्रचलित अन्य कानून बमोजिम विभिन्न तहका पञ्चायत तथा वर्गीय र व्यावसायिक संगठनहरूको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण निर्वाचन आयोगबाट हुनेछ ।

(२) उपधारा (१) बमोजिम निर्वाचन गर्दा गराउँदा कुनै तल्लो तहको पञ्चायत वा संगठनको कुनै पदमा निर्वाचन नहुँदै कुनै माथिल्लो तहको पञ्चायत वा संगठनको निर्वाचन भएको कारणले मात्र सो निर्वाचन बदर हुनेछैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) निर्वाचन विशेष अदालतको गठन र त्यसका सदस्यहरूको नियुक्ति वा मनोनयन गर्दा निर्वाचन आयोगको सिफारिश बमोजिम गरिनेछ ।

(४) निर्वाचन आयोगले यो धारा बमोजिमको आफ्नो अधिकार तथा कर्त्तव्य मध्ये कुनै अधिकार तथा कर्त्तव्य प्रमुख निर्वाचन आयुक्त, निर्वाचन आयुक्त, वा श्री ५ को सरकारका कर्मचारीलाई तोकेका शर्तका अधीनमा रही प्रयोग तथा पालन गर्न पाउने गरी सुम्पन सक्नेछ ।

(५) यो संविधानमा लेखिए बाहेक निर्वाचन आयोगको अरू अधिकार, कर्त्तव्य तथा कार्यविधि कानूनद्वारा निर्धारित भए बमोजिम हुनेछ ।"

३०. **संविधानमा धारा ८३क थप–** संविधानको धारा ८३ पछि निम्नलिखित धारा ८३क थपिएको छः–

"८३क. **प्रधान सेनापति–** (१) शाही सेनाका प्रधान सेनापतिको नियुक्ति **श्री ५** बाट गरिबक्सनेछ ।

(२) प्रधान सेनापतिको काम, कर्त्तव्य, अधिकार तथा सेवाशर्त कानूनद्वारा निर्धारित भए बमोजिम हुनेछ ।"

३१. **संविधानको धारा ८६ मा संशोधन–** संविधानको धारा ८६ को सट्टा निम्नलिखित धारा ८६ राखिएको छः–

"८६. **राजप्रतिनिधि र राजप्रतिनिधि परिषद्– श्री ५** बाट मौसूफ नेपाल बाहिर रहिबक्सेको अवधि वा कुनै तोकिएको अवधिसम्मको निमित्त लालमोहरले प्रमाणित गरिबक्सेको अधिकारपत्रमा तोकिएको शर्तको अधीनमा रही मौसूफबाट गरिबक्सने दैनिक कार्य सञ्चालन गर्न राजप्रतिनिधि नियुक्त गरिबक्सी वा राजप्रतिनिधि परिषद् गठन गरिबक्सी अख्तियार दिन सकिबक्सनेछ । त्यस्तो राजप्रतिनिधि वा राजप्रति-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निधि परिषद्ले अधिकारपत्रमा तोकिएको शर्त तथा परिधि अन्तर्गत रही गरेको कार्य यस संविधानको उद्देश्यका लागि श्री ५ बाट भए सरह मानिनेछ ।"

३२. **संविधानमा धारा ८६क र ८६ख थप–** संविधानको धारा ८६ पछि निम्नलिखित धारा ८६क र ८६ख थपिएको छः–

"८६क. **अञ्चलाधीश–** (१) नेपालको प्रत्येक अञ्चलमा एक अञ्चलाधीश रहनेछन् ।

(२) अञ्चलाधीशको नियुक्ति श्री ५ बाट गरिबक्सनेछ ।

(३) अञ्चलाधीशको काम, कर्त्तव्य र अधिकार कानूनद्वारा निर्धारित भए बमोजिम हुनेछ ।

८६ख. **अञ्चल समिति–** (१) प्रत्येक अञ्चलमा अञ्चलाधीशको कार्य सम्पादनमा सल्लाह दिन एउटा अञ्चल समिति रहनेछ जसको सभापति अञ्चलाधीश हुनेछन् ।

(२) अञ्चल समितिमा अञ्चलभित्र पर्ने जिल्ला पञ्चायतका सभापतिहरू, अञ्चलस्तरीय वर्गीय र व्यावसायिक संगठनका सभापतिहरू, तथा श्री ५ बाट मनोनीत गरिबक्सेका बढीमा पाँच जना अन्य व्यक्तिहरू सदस्य हुनेछन् ।

(३) अञ्चलसभाका सभापति अञ्चल समितिका पदेन उपसभापति हुनेछन् ।

(४) उपधारा (२) अन्तर्गत मनोनीत सदस्यहरूको कार्यकाल दुइ वर्षको हुनेछ ।"

३३. **संविधानमा धारा ८६ग थप–** संविधानको धारा ८६ख पछि निम्नलिखित धारा ८६ग थपिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"८६ग. **शाही नेपाली राजदूत र विशेष प्रतिनिधि**– शाही नेपाली राजदूत र विशेष प्रतिनिधिको नियुक्ति श्री ५ बाट गरिबक्सनेछ ।"

३४. **संविधानको अनुसूची २ मा संशोधन**– संविधानको अनुसूची २ को राष्ट्रिय गानको चौथो पंक्तिमा लेखिएको "हामी नेपाली भाई साराले" भन्ने शब्दको सट्टा "हामी नेपाली साराले" भन्ने शब्द राखिएको छ ।

३५. **संविधानका शब्दमा रूपान्तर**– संविधानमा प्रयोग भएका निम्नलिखित शब्दका सट्टा निम्नलिखित शब्द राखिएका छन्:–

(१) "एटर्नी जनरल" को सट्टा "महान्यायाधिवक्ता"
(२) "गजेट" को सट्टा "राजपत्र"
(३) "रिपोर्ट" को सट्टा "प्रतिवेदन"
(४) "समन" को सट्टा "समाव्हान"
(५) "जेल" को सट्टा "कारागार"
(६) "पास" को सट्टा "पारित"
(७) "डिग्री" को सट्टा "आज्ञप्ति"
(८) "अपील" को सट्टा "पुनरावेदन"
(९) "कोर्ट मार्शल" को सट्टा "सैनिक अदालत"
(१०) "रिभ्यू" को सट्टा "पुनरालोकन"
(११) "अफिस" को सट्टा "कार्यालय"
(१२) "गजेटेड्" को सट्टा "राजपत्रांकित"
(१३) "अफिसर" को सट्टा "अधिकृत"
(१४) "पुलिस" को सट्टा "प्रहरी"
(१५) "कमान" को सट्टा "शासन"
(१६) "ब्याचलर्स डिग्री" को सट्टा "स्नातकोपाधि"
(१७) "पेन्सन" को सट्टा "निवृत्तभरण"

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार